annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३४२, पृष्ठ ८ | काठमाडौं, मंगलबार ८ वैशाख २०८३ | वैशाख शुक्लपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | TUESDAY APRIL 21, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

# नयाँ सरकारको बजेट परीक्षा, कसरी सम्बोधन गर्ला जनआकांक्षा

झन्डै दुईतिहाइको बलियो रास्वपा सरकार नयाँ बजेट लेखनमा व्यस्त छ । आर्थिक स्रोत खुम्चिएको, कार्यान्वयनमा सुस्तता छाएको र अर्थतन्त्र संकटमा रहेका बेला बलियो सरकारले कस्तो बजेट ल्याउला ? आम चासो छ । त्यससँगै नयाँ सरकारसँग जनताका आकांक्षा पनि अनगिन्ती छन् । त्यसैकारण विज्ञहरू जनतामा आशा जगाउने, रोजगारी सिर्जना गर्ने र कार्यान्वयन हुने बजेट बनाउनुपर्ने सुझाव सरकारलाई दिइरहेका छन् ।

**सुनिता कार्की** | *काठमाडौं*

विस्तृत पृष्ठ २




## सन् २०२६ पनि तातो हुने

**नितु घले** | *काठमाडौं*

विश्व मौसम संगठनले यो वर्ष सामान्यभन्दा धेरै गर्मी हुने प्रक्षेपण गरेको छ। छिमेकी मुलुक भारतको जल तथा मौसम विज्ञान विभागले पनि यस वर्षको मनसुनमा औसतभन्दा कम वर्षा हुने अनुमान सार्वजनिक गरिसकेको छ।

प्रशान्त महासागरको सतह तातिने मौसमी प्रणाली 'एल नीनो' का कारण जुनको अन्त्यदेखि सेप्टेम्बरसम्म हुने वर्षामा कमी आउने भारतीय मौसमविद्हरूको विश्लेषण छ। यद्यपि, नेपालमा भने आगामी मनसुन कस्तो रहन्छ भन्ने विषयमा जल तथा मौसम विज्ञान विभागले हालसम्म औपचारिक आकलन सार्वजनिक गरेको छैन। विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलले अहिले नै मनसुनको अवस्थाबारे यकिन गर्न नसकिने बताए। 'विश्वव्यापी मौसमी प्रणाली हेरेर नै नेपालको मौसम प्रक्षेपण गरिन्छ।

दक्षिण एसियाली क्षेत्रका वैज्ञानिकहरूले गर्ने साझा प्रक्षेपणपछि मात्र हामी सबै तथ्यांक विश्लेषण गरेर आफ्नो धारणा सार्वजनिक गर्छौं,' पौडेलले भने। उनका अनुसार विभागले हरेक वर्ष जेठको पहिलो साता 'मनसुन आउटलुक' सार्वजनिक गर्ने गर्छ। हालसम्मको प्रि-मनसुनको अवधि हेर्दा वर्षाको अवस्था सामान्य नै देखिएको उनले जानकारी दिए।

तराई क्षेत्रमा भने वर्षा कम हुँदा तापक्रम निकै बढिसकेको छ। केही दिन पानी नपर्दा तराईका जिल्लाहरू तात्न सुरु गरिसकेका छन्। पहाडी क्षेत्रमा दुई-चार दिनको अन्तरालमा पानी परिरहे पनि तराई र काठमाडौं उपत्यका भने सुक्खा नै देखिएको छ। नेपालगन्ज र धनगढी क्षेत्रमा तापक्रम बढी भए पनि हालसम्म 'लु' (तातो हावा) को घोषणा भने नगरिएको पौडेलले बताए। ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम र लगातार तीन दिनसम्म उस्तै प्रकृतिको अवस्था रहेमा मात्र 'लु' घोषणा गरिने प्रावधान छ।

खाद्य तथा जलस्रोतका विषयमा अध्ययनरत जलाधारविज्ञ मधुकर उपाध्यायले यस वर्ष 'एल नीनो' ले मौसमी प्रणालीलाई दबाउने भएकाले पानी कम पर्ने बताए। उनी भन्छन्, 'यसपटक 'सुपर एल नीनो' आउने अनुमान गरिएको छ, समुद्रको सतह अहिले नै तातिसकेको छ। यसले गर्दा यो वर्ष निकै गर्मी हुने देखिन्छ।' कतै खडेरी त कतै आकस्मिक बाढी निम्त्याउन सक्ने खालको मौसमी चरित्र विकास भइरहेकाले यसको सबैभन्दा ठूलो असर कृषि क्षेत्रमा पर्ने उनको विश्लेषण छ।

नेपालको तराईमा अहिले नै तापक्रम ४१ डिग्री सेल्सियस नाघिसकेको छ। भारतका कतिपय स्थानमा ४५ डिग्री पुगेको र यो ५० डिग्रीसम्म पुग्न सक्ने अनुमानले पनि 'एल नीनो' को प्रभाव कडा रहने संकेत गरेको छ। जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक विनोद पोखरेलले काठमाडौं लगायतका क्षेत्रमा अझै केही दिन पानी नपर्ने भएकाले गर्मी बढ्ने बताए। उनका अनुसार अर्को साता मात्रै पानी पर्ने सम्भावना देखिएको छ।


# गृहमन्त्रीको सम्पत्ति स्रोतमाथि छानबिनको माग

**अन्नपूर्ण** | *काठमाडौं*

गृहमन्त्री सुधन गुरुङले आर्जन गरेको सम्पत्तिको स्रोतमाथि उच्चस्तरीय छानबिन गर्न चौतर्फी माग भएको छ। विपक्षी दलहरूले स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन प्रक्रिया तुरुन्त सुरु गर्न सरकारसँग माग गरेका छन्।

गृहमन्त्री गुरुङको हदबन्दीभन्दा बढी जग्गा र विभिन्न कम्पनीको सेयर खरिदमा स्रोतको विषयलाई लिएर राजीनामा माग गरिएको हो। उनले सम्पत्ति विवरणमा देखाएको ८९ तोला सुन, ६ किलो चाँदी र विभिन्न कम्पनीमा रहेको करोडौंको सेयर खरिदको स्रोत अपारदर्शी रहेको आरोप लागेको छ। पछिल्लोपटक उनले दुईवटा माइक्रो इन्स्योरेन्स कम्पनीमा थप ५० लाख रुपैयाँबराबरको ५० हजार कित्ता संस्थापक सेयर खरिद गरेको खुलासा भएको छ।

गुरुङले लिबर्टी माइक्रोलाइफ इन्स्योरेन्सको २५ हजार कित्ता र स्टार माइक्रो इन्स्योरेन्स कम्पनीको २५ हजार कित्ता सेयर खरिद गरेको विषय सम्पत्ति विवरणमा गोप्य राखेको दाबी गरिएको छ।



सम्पत्ति शुद्धीकरणको अभियोगमा अनुसन्धानका क्रममा हिरासतमा रहेका व्यवसायी दीपक भट्टसँगको साझेदारीको विषयलाई लिएर विपक्षी दलहरूले उच्चस्तरीय छानबिनको माग गरेका हुन्। नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले विज्ञप्ति जारी गर्दै गृहमन्त्रीसँग सम्बन्धित सम्पूर्ण आरोपहरूको स्वतन्त्र र निष्पक्ष छानबिन गर्न माग गर्नुभएको छ।

विज्ञप्तिमा भनिएको छ, 'गृहमन्त्रीसँग सम्बन्धित पछिल्लो प्रकरणले सार्वजनिक चासो मात्र होइन, राजनीतिक नैतिकता र पारदर्शितासँग जोडिएको गम्भीर प्रश्न उठाएको छ। यस्तो अवस्थामा पदमा बहाल रहँदा अनुसन्धान प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने आशंका उत्पन्न हुनु स्वाभाविक हो। त्यसैले अनुसन्धानलाई स्वतन्त्र र प्रभावरहित बनाउन आवश्यक वातावरण सुनिश्चित गरिनुपर्छ। यस विषयलाई ढिलासुस्ती वा ढाकछोप गर्ने प्रयासले सुशासन र जनविश्वासमाथि गम्भीर आघात पुर्‍याउने छ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले पनि गृहमन्त्री गुरुङको आर्थिक साझेदारीबारे तत्काल स्पष्ट पार्न सरकारसँग माग गरेका छन्। सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष लिङ्देनले भने, 'सरकारले तत्काल आफ्नो धारणा स्पष्ट पार्नुपर्छ। गृहमन्त्री र पार्टी सभापतिले यस विषयमा आफ्नो 'पोजिसन' क्लियर गर्नुपर्छ।'

**'राइट टु रिकल' को सम्भावना के छ ?**

गृहमन्त्री गुरुङले आइतबार साँझ पार्टी सभापति रवि लामिछानेसँगको भेटमा आफूले वैध स्रोतबाटै सेयर खरिद गरेको स्पष्टीकरण दिएका थिए। सोमबार बसेको रास्वपा केन्द्रीय कार्यसमितिको बैठकमा भने गृहमन्त्रीको सम्पत्ति स्रोतका विषयमा कुनै छलफल नभएको एक सदस्यले जानकारी दिए। पार्टी प्रवक्ता मनिष झाले पनि सामाजिक सञ्जालमा भइरहेको चर्चाका विषयमा बैठकमा औपचारिक छलफल नभएको बताए।

बाँकी पृष्ठ ६

## अमेरिकी सैन्य जहाजमाथि इरानको जवाफी आक्रमण

**इस्लामाबाद** (एजेन्सी): पाकिस्तानको इस्लामाबादमा वार्ताको तयारी भइरहेका बेला अमेरिकाले इरानी झन्डावाहक मालबाहक जहाजलाई नियन्त्रणमा लिएपछि इरानले ओमानको खाडीमा रहेका अमेरिकी सैन्य जहाजहरूमाथि ड्रोन आक्रमण गरेको छ।

इरानको अर्धसरकारी समाचार एजेन्सी 'तसनीम' का अनुसार अमेरिकी कदमको प्रतिवाद स्वरूप यी आक्रमणहरू गरिएका हुन्। यद्यपि, उक्त ड्रोन आक्रमणबाट हालसम्म कुनै मानवीय वा भौतिक क्षतिको आधिकारिक विवरण भने प्राप्त भएको छैन।

इरानको शक्तिशाली सैन्य कमाण्ड एकाइ 'खातम अल-अनबिया सेन्ट्रल हेडक्वार्टर्स' ले यसअघि नै जवाफी कारबाहीको चेतावनी दिएको थियो। उसले अमेरिकी नौसेनाको कदमलाई युद्धविरामको उल्लंघन र 'सशस्त्र लुट' को संज्ञा दिँदै कडा जवाफ दिने बताएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नौसैनिक नाकाबन्दीअन्तर्गत खाडीमा इरानी झन्डावाहक 'टोस्का' नामक कार्गो जहाजलाई नियन्त्रणमा लिएको पुष्टि गरेका छन्।

इरानले भने अहिलेसम्म यस वार्तामा सहभागी हुनेबारे कुनै आधिकारिक पुष्टि गरेको छैन। इरानी सरकारी सञ्चारमाध्यमका अनुसार अमेरिकाको नाकाबन्दी जारी रहेसम्म इरानी अधिकारीहरू कुनै पनि वार्तामा सहभागी हुने छैनन्।

# 'होम सेन्टर' परिवर्तनले असुरक्षित महसुस गर्दै विद्यार्थी

### कक्षा १२ को होम सेन्टर परिवर्तन

**राजेन्द्र कार्की** | *जाजरकोट*

त्रिभुवन माध्यमिक विद्यालय खलंगा जाजरकोटमा १२ कक्षामा अध्ययनरत छात्रा मनिका मल्ल यतिबेला निकै तनावमा छिन्। आउँदो १४ गतेदेखि १२ कक्षाको परीक्षा हुँदैछ। परीक्षाको तयारीमा रहेकी उनलाई परीक्षा कसरी दिनेभन्दा पनि परीक्षा दिन जाँदा कहाँ बस्ने ? कहाँ खाने ? कोसँग बस्ने ? भन्ने चिन्ताले सताइरहेको छ। परीक्षालाई मर्यादित बनाउने भन्दै सरकारले 'होम सेन्टर'बाट परीक्षा दिन नपाउने नियम बनाएपछि उनले सदरमुकामबाट करिब ३० किलोमिटर टाढा रहेको दीपेन्द्र मावि कालाभुरमा गएर परीक्षा दिनुपर्ने भएको छ।

यातायातको असुविधा, भौगोलिक विकटताका कारण परीक्षार्थीहरू आउजाउ गर्न सक्ने अवस्था छैन। त्यहीं डेरा लिएर बस्नुपर्ने अवस्था छ तर कालाभुरमा पातलो बस्ती भएकाले डेरा पाउन पनि



**त्रिभुवन मावि खलंगा जाजरकोटमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी ।** ● राजेन्द्र कार्की

समस्या र होटल पनि नभएका कारण आफूहरू समस्यामा परेको मल्लले गुनासो गरिन्। सोही विद्यालयकी छात्रा अनिता खत्रीले पनि 'होम सेन्टर' परिवर्तनका कारण आफूहरू मर्कामा परेको बताइन्। परीक्षा केन्द्र रहेको कालाभुर गाउँमा कोठा नपाएको र खानेबस्नेसमेत समस्या रहेको उनको गुनासो छ। गत वर्ष यस विद्यालयका विद्यार्थीले नजिकै रहेको भेरी ज्ञानोदय बहुमुखी क्याम्पसबाट परीक्षा दिएका थिए।

विद्यालय तहको अन्तिम परीक्षाको रूपमा रहेको कक्षा १२ को परीक्षा मर्यादित बनाउने भन्दै 'होम सेन्टर' परिवर्तनले विद्यार्थी असुरक्षित महसुस गरिरहेका छन्। खानेबस्ने र छात्राको सुरक्षा संवेदनशीलताको कारण धेरै विद्यार्थी र अभिभावक तनावमा रहेको त्रिभुवन माविका शिक्षक जनक केसीले बताए।

आफूले पढेका घरनजिकका विद्यालयको सट्टा टाढाका विद्यालयमा परीक्षा केन्द्र तोकिएपछि आर्थिक र मानसिक समस्या भइरहेको विद्यार्थी र अभिभावकको गुनासो छ। वर्षभरिको पढाइमा जोड दिनुपर्नेमा सिकाइ सुधार्ने नाममा परीक्षा केन्द्र परिवर्तन गर्ने कामले विद्यार्थीलाई मर्का परेको भेरी नगरपालिका-३ का अभिभावक दीपक खनालले बताए।

'होम सेन्टर' परिवर्तनले परीक्षामा सहभागी हुने विद्यार्थीले खाद्यान्न बोकेर केन्द्र नजिकका बस्तीमा कोठा खोज्न समस्या भइरहेको खनालले बताए। 'सरकारी निकायले वर्षभरि पढाइमा ध्यान दिँदैनन्। होम सेन्टर भनेर परीक्षाको बेला विद्यार्थीलाई कपी, किताब, लत्ताकपडा र खाद्यान्न बोकेर अन्य ठाउँमा पठाउन हामीलाई असहज भएको छ,' उनले भने, 'आफू बसेको ठाउँ र पढेको विद्यालयभन्दा टाढा जाँदा बालिकामाथि दुर्व्यवहारको जोखिम हुन सक्ने चिन्ता पनि उत्तिकै छ।' त्यसैले परीक्षाका बेला विद्यार्थीलाई टाढा पुर्‍याएर तनाव दिने काम बन्द गरिनुपर्ने उनले बताए।

होम सेन्टर परिवर्तन भएकाले १२ कक्षासम्म पठनपाठन हुने जाजरकोटका ३७ वटा माविका विद्यार्थीले जिल्लाभरका १८ वटा परीक्षा केन्द्रबाट ६ हजार ८ सय परीक्षार्थीले परीक्षा दिने शिक्षा विकास तथा समन्वय एकाइ जाजरकोटले जनाएको छ। पढेको विद्यालयमै परीक्षा केन्द्र हुँदा पनि सम्बन्धित विद्यालयको अन्यत्र केन्द्र तोकिनु बालबालिकालाई जोखिम र झन्झटमा पार्ने काम भएको अधिकारकर्मी खम्बजंग शाहले बताए।

'परीक्षाको बेला छात्रभन्दा छात्रालाई संरक्षणको जोखिम हुन्छ,' उनले भने, 'बस्नेखाने असुविधा त छँदै छ, हिंसा र दुर्व्यवहारको जोखिम पनि त्यत्तिकै हुन्छ।' यो समस्या जाजरकोटको मात्र होइन।

बाँकी पृष्ठ ६